काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २९५ ❐ बिहीवार, २१ साउन, २०८३ ❐ Thursday, 6 Aug 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

सञ्चय कोष सुर्खेतद्वारा घर बनाउन ३५ करोड ऋण

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २० साउन

कर्मचारी सञ्चय कोष सुर्खेत शाखाले आर्थिक वर्ष २०८२/८३ मा झण्डै ९८ करोड रुपैयाँ बराबरको सापटी प्रवाह गरेको छ। ६३ करोड विशेष सापटी प्रदान गरेको कोषले घर तथा जग्गाको धितोमा घर निर्माण घर मर्मत जग्गा तथा घर खरिदलगायतका सापटीको लागि ३५ करोड ऋण प्रवाह गरेको जनाएको हो। यस आर्थिक वर्षमा १७३७ सञ्चयकर्ताले उक्त रकम उपभोग गरेका हुन्। यस अवधिमा सुर्खेत शाखाले कोष रकमको धितोमा ६३ करोड रकम बराबरको विशेष सापटी प्रदान गरेको छ। यस्तै घर जग्गा निर्माण तथा खरिदको लागि १२८ जनाले ३५ करोड बराबरको ऋण सुविधा उपभोग गरेका छन्। सूचना अधिकारी राजेन्द्र विक्रम केसीका अनुसार कोषले सञ्चयकर्ता वा पति/पत्नीका नाममा रहेको जग्गा र उक्त जग्गामा रहेको घरसमेत धितो राखी घर निर्माण गर्न, घर खरिद गर्न वा तल्ला थप गर्ने वा घर मर्मत गर्ने प्रयोजनका लागि एक करोड ५० लाखसम्म सापटी प्रदान गर्ने गरेको छ। त्यस्तै जग्गा खरीदको लागि अधिकतम एक करोड घर मर्मतका लागि ५० लाखसम्म सापटी पाइने व्यवस्था रहेको छ। घर समेत धितो रहने भएमा कम्तीमा आठ फिटको बाटो र जग्गा मात्र धितो रहने भएमा बाह्र फिटको बाटो भएको कम्तीमा पाँच धुर क्षेत्रफलको जग्गा हुनुपर्ने प्रावधान छ।

शाखाले सञ्चयकर्ताको सामाजिक आवश्यकता पूरा गर्न विशेष सापटी, घर सापटी, शैक्षिक सापटी, घर मर्मत सापटी सरल सापटी लगायतका सापटी प्रदान गर्दै आइरहेको छ। यसै आर्थिक वर्षदेखि कोषले प्रदान गर्ने भनेको परिवहन (सवारी साधन) सापटी भने हाललाई शाखाबाट प्रदान नहुने केसीले बताए।

एक ट्राफिक प्रहरीले ४५ किमि सडक र आठ हजार नागरिकको सुरक्षा दिनुपर्ने बाध्यता

कर्णाली प्रदेशमा ४० हजार ९ सय ५६ वटा सवारी साधनको व्यवस्थापनका लागि जम्मा २ सय १५ जना मात्र ट्राफिक प्रहरीको दरबन्दी रहेको छ।

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २० साउन

कर्णाली प्रदेशमा सडक सञ्जालको विस्तार र सवारी साधनको संख्या तीव्र रूपमा बढिरहेको छ। तर सडक र सवारीको अनुपातमा ट्राफिक प्रहरीको जनशक्ति भने चरम अभावमा छ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतको तथ्याङ्क अनुसार कर्णालीमा एक जना ट्राफिक प्रहरीले औसतमा ४५ किलोमिटर सडक हेर्नुपर्ने र झन्डै आठ हजार नागरिकको सुरक्षाको दायित्व बोक्नुपर्ने बाध्यता छ।

कर्णाली प्रदेशभर हालसम्म नौ हजार छ सय ८७ दशमलव ६२ किलोमिटर दूरीमा सडक निर्माण गरिएको छ। जसमध्ये एक हजार तीन सय ८४ दशमलव ४१ किलोमिटर पक्की, एक हजार एक सय ९४ दशमलव ६५ किलोमिटर ग्राभेल र सात हजार एक सय आठ किलोमिटर कच्ची सडक छ।

गत आर्थिक वर्ष २०८२/०८३ सम्ममा प्रदेशभर दर्ता भएका सवारी साधनको संख्या ४० हजार नौ सय ५६ पुगेको छ। तर यो फराकिलो सडक सञ्जाल र बाक्लो सवारी चाप व्यवस्थापनका लागि कर्णाली प्रदेशभर जम्मा २ सय १५ जना ट्राफिक प्रहरीको मात्रै दरबन्दी छ। सडकको कुल दूरी र ट्राफिक जनशक्तिको तुलना गर्दा एक जना ट्राफिक प्रहरीको बाँकी पृष्ठ २



दुर्घटना २३ प्रतिशतले वृद्धि, मृत्युदरमा कमी

कर्णालीमा बर्सेनि सडक दुर्घटनाको ग्राफ उकालो लागिरहेको छ। पछिल्ला दुई आर्थिक वर्षको तुलना गर्दा सडक दुर्घटनाको संख्या २३ प्रतिशतले बढेको छ। अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा प्रदेशभर एक हजार ८६ वटा सडक दुर्घटना भएका थिए। जसमा एक सय ३१ जनाले ज्यान गुमाएका थिए भने दुई हजार आठ जना घाइते भएका थिए। गत आर्थिक वर्ष २०८२/०८३ मा दुर्घटना बढेर एक हजार एक सय ९४ पुगेको छ। दुर्घटना बढे पनि मृत्युदरमा भने तीन प्रतिशतले कमी आएको प्रहरीको भनाइ छ। गत वर्ष दुर्घटनामा परी एक सय ३५ जनाको मृत्यु भएको छ भने घाइते हुनेको संख्या १३ प्रतिशतले बढेर दुई हजार तीन सय सात पुगेको छ।

तथ्याङ्क अनुसार कर्णालीमा हरेक दिन औसतमा ३ दशमलव २४ वटा सडक दुर्घटना हुने गर्छन्। दुर्घटनामा दैनिक औसत ० दशमलव ३६ जनाको ज्यान जाने गरेको छ भने ६ दशमलव ३ प्रतिशत घाइते हुने गरेका छन्। जिल्लागत रूपमा हेर्दा सबैभन्दा बढी दुर्घटना सुर्खेतमा ६ सय ९० वटा र सबैभन्दा कम मुगुमा १७ वटा भएका छन्। गत वर्ष रुकुम पश्चिममा १३९, दैलेखमा ८५, सल्यानमा ७५, जाजरकोटमा ५६, जुम्लामा ४६, कालिकोटमा ४२, डोल्पामा २८ र हुम्लामा १९ वटा दुर्घटना दर्ता भएका छन्।

तीव्र गति नै मुख्य कारण

कर्णालीका सडकमा हुने दुर्घटनाको मुख्य कारक 'तीव्र गति' रहेको पाइएको छ। गत वर्ष भएका कुल दुर्घटनामध्ये ६२ प्रतिशत दुर्घटना तीव्र गतिकै कारण भएका छन्। यस्तै यान्त्रिक गडबडीका कारण १० प्रतिशत, गलत तरिकाले ओभरटेक गर्दा १० प्रतिशत, चालकको असक्षमताका कारण ५ प्रतिशत, पैदल यात्रुका कारण ४ प्रतिशत, ब्रेक फेल भएर २ प्रतिशत, मादक पदार्थ सेवन (मापसे) बाट १ प्रतिशत र मौसम तथा अन्य कारणले ११ प्रतिशत दुर्घटना भएको प्रहरी तथ्याङ्कले देखाउँछ सवारी साधनको संख्या बढ्नु, ग्रामीण भेगका साँघुरा, जीर्ण र जोखिमयुक्त कच्ची सडक, पूर्वाधारको कमी र ट्राफिक प्रहरीको पर्याप्त पहुँच नहुनु दुर्घटनाका प्रमुख कारण मानिएका छन्।

राजस्व संकलन भने कम

ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी साधनलाई कारबाही गरी प्रहरीले दुई वर्षको अवधिमा ६ करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ। आर्थिक वर्ष २०८१/०८२ मा ४९ हजार नौ सय ६४ सवारीसाधनलाई कारबाही गरी ३ करोड ६७ लाख ४३ हजार रुपैयाँ राजस्व उठेको थियो। तर गत आव २०८२/०८३ मा कारबाहीमा पर्ने सवारीको संख्या ३८ हजार आठ सय ८५ मा झरेको छ, जसबाट ३ करोड ४१ लाख ९८ हजार पाँच सय रुपैयाँ सङ्कलन भएको छ। अघिल्लो वर्षको तुलनामा कारबाही संख्या २३ प्रतिशत र राजस्व सङ्कलन २० प्रतिशतले घटेको छ। जरिवानाका लागि इ-चलान डिजिटल प्रणाली लागू हुनु, सचेतनामूलक कार्यक्रम सञ्चालन हुनु र नागरिकमा ट्राफिक नियमप्रतिको सचेतना बढेकाले कारबाही र राजस्व सङ्कलन घटेको एसपी रिजालले बताए। भौगोलिक विकटता, कच्ची सडकको बाहुल्यता र सीमित जनशक्तिका बिच कर्णालीको सडक सुरक्षा कायम राख्नु ट्राफिक प्रहरीका लागि ठुलो चुनौती बनेको छ। जनशक्ति थप र सडक पूर्वाधारमा सुधार नगरेसम्म सडक सुरक्षालाई पूर्ण रूपमा ग्यारेन्टी गर्न गाह्रो पर्ने प्रहरी उपरीक्षक (एसपी) रिजाल बताउछन्।

कर्णालीको मन्त्री परिषद्लाई पूर्णता दिन विपक्षी दलको माग



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १७ साउन

कर्णाली प्रदेशमा नेकपा (एमाले) र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बिच सत्ता साझेदारी भई मंगलबहादुर शाही मुख्यमन्त्रीमा नियुक्त भएको हप्ता दिन बितिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकेको विषयले प्रदेश सभामा प्रवेश पाएको छ।

प्रतिपक्ष दल नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का सांसदले बुधबारको प्रदेश सभा बैठकमा सरकार अनिर्णयको बन्दी बनेको भन्दै तीव्र आलोचना गरेका छन्।

सुरुमै बोलेकी राप्रपा सांसद सन्तोषी शाहीले कर्णाली प्रदेश सरकारको गैरजिम्मेवार कार्यशैलीप्रति गम्भीर आपत्ति जनाइन्। "जनताले सरकारलाई सत्ता उपभोग गर्न होइन, सेवा गर्न जनादेश दिएका हुन् तर सरकार गठन भएको यति समय बितिसक्दा पनि मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेन," उनले भनिन्, "यसले सरकारको प्राथमिकता जनताको सेवा नभई सत्ता, पद र भागबन्डा भएको स्पष्ट देखाएको छ।"

कर्णालीका जनताले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य र सुशासनको अपेक्षा गरिरहेको भन्दै सरकार भने भागबन्डाको खेलमा व्यस्त रहेको उनको भनाइ थियो। उनले भनिन्, "विकास आयोजना प्रभावित छन्, प्रशासन निर्णयविहीन छ, कर्मचारीहरू अन्योलमा छन्, जनता सेवा लिन धाइरहेका छन् तर बाँकी पृष्ठ २

'हामी सुन्छौं' अभियान सञ्चालन गर्दै रास्वपा



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २० साउन

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नागरिकका गुनासा, समस्या तथा सुझाव प्रत्यक्षरूपमा सुन्न 'हामी सुन्छौं' अभियान सञ्चालन गर्ने भएको छ।

पार्टीको केन्द्रीय समितिको यही साउन १३ गतेको निर्णयअनुसार यही साउन २५ गतेदेखि केन्द्रीय कार्यालय 'घण्टीघर'मा अभियान सुरु हुने सहमहामन्त्री हरि ढकालले जानकारी दिए।

अभियानअन्तर्गत नागरिकका गुनासा, समस्या र सुझाव सुन्न तथा सहजीकरण गर्न प्रत्येक दिन दुई जना केन्द्रीय सदस्य र प्रतिनिधिसभा सदस्यको उपस्थिति अनिवार्य गरिएको छ।

खाना पकाउने ग्यासको आपूर्ति सहज बनाउन संसदीय समितिको निर्देशन

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २० साउन

राष्ट्रिय सभाको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले बजारमा खाना पकाउने ग्यासको आपूर्ति तत्काल सुनिश्चित गर्न सरकारलाई निर्देशन दिएको छ।

बुधबार सिंहदरबारमा बसेको समितिको बैठकमा समिति सभापति जयन्तीदेवी राईले समितिको तर्फबाट सरकारलाई यस्तो निर्देशन दिएकी हुन्। सभापति राईले उपभोक्ता हित संरक्षणका लागि बजार अनुगमनलाई प्रभावकारी बनाउन तथा आवश्यक नीतिगत र कार्यान्वयनका कदम तत्काल अघि बढाउन सरकारलाई



निर्देशन दिइएको बताएकी छन्। देशभर गुणस्तरीय वस्तु तथा सेवाको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन तथा कृत्रिम अभाव र कालोबजारी नियन्त्रण गर्न समितिले जोड दिएको छ। दैनिक उपभोग्य वस्तु तथा सेवाको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न, सर्वसाधारणको सहज पहुँच हुने गरी सुपथ मूल्य पसलको नियमित अनुगमन तथा क्षेत्रगत दायरा विस्तार गर्न र प्रत्येक पसलमा अनिवार्य रूपमा मूल्यसूची राख्ने व्यवस्था कार्यान्वयन गर्न पनि सरकारलाई निर्देशन दिइएको छ। बैठकमा निर्णय सार्वजनिक गर्दै सभापति राईले भनिन्, 'बजारमा खाना पकाउने ग्यासको तत्काल सुनिश्चितता गर्ने, देशभर गुणस्तरीय वस्तु तथा सेवाको सहज आपूर्तिको व्यवस्था मिलाई कृत्रिम अभाव एवं कालोबजारी नियन्त्रण गर्ने निर्णय गरिएको छ।'

सम्पादकीय

वन्यजन्तु,नागरिक र बालीको सुरक्षा खै ?

दुर्लभ जैविक विविधता, हिमाली तथा पहाडी पारिस्थितिक प्रणाली र रामसार सूचीकृत सिमसार क्षेत्रहरूले भरिपूर्ण कर्णाली प्रदेश यतिबेला एउटा गम्भीर र विरोधाभासपूर्ण संकटको चक्रव्यूहमा फसेको छ । एकातिर जङ्गलमा आहारा र बासस्थानको संकुचनका कारण गाउँ-बस्ती पस्ने वन्यजन्तुको आक्रमणबाट नागरिकको ज्यान, अन्नबाली र पशुधन निरन्तर जोखिममा परिरहेको छ भने अर्कातिर तस्कर र सिकारीहरूको क्रूर निसानामा परेर दुर्लभ वन्यजन्तुको अस्तित्व नै मेटिने खतरा बढेको छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको पछिल्लो तथ्यांकले प्रस्तुत गरेको यो भयावह चित्रले कर्णालीमा प्राकृतिक संरक्षण र मानव अधिकारबिचको सन्तुलन गुम्दै गएको संकेत गर्छ ।

बँदेल, बाँदर, चितुवा र भालुको बढ्दो आतंकका कारण एकातिर स्थानीय किसानहरू कृषि पेसाबाटै विस्थापित हुने र खाद्यान्न संकट निम्तिने जोखिम बढेको छ भने अर्कातिर जङ्गल नजिकका बस्तीहरूमा सन्त्रास छाएको छ । यस स्थितिमा राज्यले करिब ५० लाख रूपैयाँ राहतस्वरूप बाँडेर दायित्व पूरा भएको ठाने पनि यो केवल घाउमा मलमपट्टी मात्र हो, स्थायी समाधान होइन । पर्याप्त क्षतिपूर्ति नपाउनु र प्रक्रियागत झन्झट हुनुले नागरिकमा संरक्षणप्रति नै नकारात्मक धारणा विकास हुने खतरा रहन्छ ।

अर्कोतर्फ वन्यजन्तु अपराधमा एकै वर्षमा १ सय प्रतिशत (दोब्बर) ले भएको वृद्धि अझ चिन्ताजनक छ । सुर्खेतमा जरायो र बँदेल तथा डोल्पा र हुम्ला जस्ता हिमाली जिल्लाहरूमा दुर्लभ हिउँ चितुवा, कस्तुरी र जङ्गली घोडाको अवैध सिकार तथा अङ्गहरूको तस्करी हुनुले अन्तर्राष्ट्रिय तस्कर गिरोहको जालो कर्णालीका दुर्गम भेगसम्म फैलिएको पुष्टि गर्छ । अझ यस अपराधमा महिला र नाबालकसमेत प्रयोग हुनुले गरिबी र चेतनाको कमीको फाइदा बिचौलियाहरूले उठाइरहेको देखाउँछ । संकट यति गहिरिँदा पनि संरक्षणका लागि जिम्मेवार सरकारी संरचनाहरू बजेट, सवारी साधन, आधुनिक प्रविधि र प्राविधिक जनशक्तिको चरम अभावमा पङ्गु बन्नु दुःखद् पक्ष हो । सब डिभिजन वन कार्यालयहरू भवनविहीन हुनु र घाइते वा समस्याग्रस्त जनावरको उद्धार गर्ने क्षमता नहुनुले सरकारी गम्भीरतामाथि प्रश्न उठाउँछ । अब कर्णाली प्रदेश सरकार र सम्बन्धित निकायहरूले प्रतिक्रियात्मक होइन, प्रोएक्टिभ (पूर्वतयारीमूलक) रणनीति अपनाउनु अपरिहार्य भइसकेको छ । वन्यजन्तुलाई जङ्गलमै आहारा र पानीको व्यवस्थापन गर्ने, जैविक मार्गहरूको संरक्षण गर्ने, र बस्ती छेउमा सोलार फेन्सिङ (तारबार) जस्ता जैविक वा भौतिक अवरोध निर्माण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्छ । साथै वन्यजन्तु अपराध रोक्न सीमा क्षेत्रमा क्यामेरा ट्र्यापिङ र ड्रोन गस्ती जस्ता प्रविधिको प्रयोग बढाउँदै स्थानीय समुदायलाई नै संरक्षणको मुख्य साझेदार बनाउनु पर्छ । नागरिकको जिउधनको सुरक्षा र दुर्लभ जैविक विविधताको संरक्षण दुवै राज्यका प्राथमिक दायित्व हुन् यी दुवैलाई सँगसँगै लैजाने ठोस नीति र पर्याप्त बजेटको व्यवस्था गर्न अब ढिलाइ गरिनु हुँदैन ।

महिलाले आफ्नो जीवन आफैँ रोज्दा समाज किन डराउँछ ?



✍ रीता परियार

'व्यक्तिगत कुरा पनि राजनीतिक हुन्छ ।'

नारीवादी आन्दोलनले दिएको यो एउटा साधारण वाक्य मात्रै होइन, यो समाज बुझ्ने एउटा गहिरो चाबी पनि हो । किनभने, कुनै महिलाको शरीर, उसको पोशाक, उसको विवाह, उसको मातृत्व, उसको हाँसो, उसको राति घर फर्किने समय, यहाँसम्म कि उसको हातमा भएको एउटा गिलाससमेत हाम्रो समाजमा कहिल्यै केवल व्यक्तिगत विषय हुँदैन । ती सबैमाथि समाजले आफ्नो नैतिक अधिकार दाबी गर्न खोज्छ । महिलाको जीवनलाई व्यक्तिगतभन्दा बढी सार्वजनिक विषय बनाइन्छ । उसको निर्णयलाई स्वतन्त्र इच्छाभन्दा बढी सामाजिक मूल्यांकनको विषय बनाइन्छ ।

सायद, त्यसैले म यो लेख लेख्न बाध्य भएँ ।

रक्सीको विषयमा लेख्ने मेरो खास इच्छा कहिल्यै थिएन । किनकि, म रक्सीको पक्षमा पनि छैन, विरोधमा पनि छैन । कसैले रक्सी खान्छ वा खाँदैन, त्यो उसको व्यक्तिगत निर्णय हो । स्वास्थ्यका दृष्टिले रक्सी कसैका लागि पनि आदर्श होइन । त्यसैले यो लेखलाई ' महिलाले रक्सी खानुपर्छ' भन्ने आग्रहका रूपमा कसैले नबुझिदिनुहोला ।

मेरो प्रश्न यति मात्र हो- किन एउटै व्यवहार पुरुषका लागि सामान्य हुन्छ, तर महिलाका लागि नैतिकताको मुद्दा बन्छ ?

यो प्रश्न रक्सीको होइन, यो प्रश्न शक्तिको हो ।

फ्रान्सेली दार्शनिक सिमोन डे ब्युभोइरले आफ्नो प्रसिद्ध कृति 'द सेकेन्ड सेक्स' मा लेखेकी छन्, 'महिला जन्मिँदैन, बनाइन्छ ।'

यो वाक्य केवल जीवविज्ञानको होइन, यो समाजको व्याख्या हो । समाजले महिलालाई जन्मिएपछि एउटा निश्चित भूमिकामा ढाल्न थाल्छ । उसले कसरी हिँड्ने, कसरी बोल्ने, कति हाँस्ने, के लगाउने, के खाने, कसरी प्रेम गर्ने, कहिले विवाह गर्ने, कहिले आमा बन्ने यी सबैका लागि अदृश्य नियमहरू बनाइदिन्छ ।

त्यसैले महिलाले आफ्नो जीवनबारे गरेको कुनै पनि निर्णयलाई समाजले केवल निर्णयका रूपमा हेर्दैन, त्यो निर्णयलाई उसको चरित्रसँग जोडेर हेर्छ ।

मलाई कहिलेकाहीँ लाग्छ, हाम्रो समाजले महिलालाई नागरिकभन्दा पहिले नैतिकताको प्रतीक बनाइदिएको छ । पुरुषलाई गल्ती गर्ने स्वतन्त्रता छ । महिलालाई भने निर्दोष देखिनुपर्ने बाध्यता । पुरुषले गल्ती गऱ्यो भने त्यो 'उसको व्यक्तिगत कमजोरी' हुन्छ । महिलाले त्यही गरिन् भने त्यो 'महिलाको चरित्र' बन्छ । यहीँबाट दोहोरो नैतिकताको राजनीति सुरु हुन्छ ।

दार्शनिक माइकल फोकाउल्टले शक्तिको एउटा गहिरो व्याख्या दिएका छन् । उनका अनुसार शक्ति केवल राज्य, प्रहरी, अदालत वा कानुनमा मात्र हुँदैन । शक्ति हाम्रो दैनिक जीवनमा पनि हुन्छ । शक्ति मानिसहरूको दृष्टिमा हुन्छ । भाषामा हुन्छ । संस्कृतिमा हुन्छ । सामान्य लाग्ने टिप्पणीहरूमा हुन्छ । हामी एकअर्कालाई कसरी हेर्छौं, कसरी मूल्यांकन गर्छौं, कसरी स्वीकार वा अस्वीकार गर्छौं, त्यहीँ शक्ति लुकेको हुन्छ ।

त्यसैले एउटी महिलाले वाइन पिएको देख्दा कसैले उसलाई कानुनी सजाय दिँदैन । तर, उसलाई हेर्ने दृष्टि नै सजाय बन्छ । त्यो दृष्टिले उसको रोजाइभन्दा पहिले उसको नैतिकता नाप्छ । उहाँ कस्तो महिला हुन् भन्ने निष्कर्ष निकाल्छ । यही सामाजिक निगरानी हो । र, यही नै शक्ति हो ।

सायद यही कारणले म सेमिनारहरूमा, औपचारिक डिनरहरूमा वा सामाजिक जमघटहरूमा बारम्बार एउटै दृश्य देख्छु । पुरुषहरूले सहज रूपमा आफ्नो पेय रोज्छन् । कसैले उनीहरूलाई हेरेर चरित्रको निष्कर्ष निकाल्दैन । कसैले उनीहरूलाई संस्कारको पाठ पढाउँदैन । तर, यदि मैले एउटा वाइन अर्डर गरेँ भने वातावरणमा एउटा अदृश्य परिवर्तन आउँछ । केही आँखाहरूले गिलासभन्दा बढी मलाई पढ्न थाल्छन् ।

'ए, रक्सी पिउनुहुँदो रहेछ !'

यो वाक्य केवल आश्चर्य होइन ।

यो प्रश्न पनि होइन ।

यो एउटा सामाजिक फैसला हो, जुन केही सेकेन्डमै सुनाइन्छ ।

माथिबाट हेर्दा सामान्य देखिने यो टिप्पणी वास्तवमा एउटा निर्णय हो । अझ विडम्बना के छ भने यस्तो टिप्पणी धेरैपटक रक्सी बेच्ने मानिसकै मुखबाट सुनिन्छ । मलाई त्यसबेला हाँसो पनि उठ्छ, र दुःख पनि लाग्छ । रक्सी बेच्नेले रक्सी पियो भनेर टिप्पणी गर्दा !

रक्सी बेच्नु सम्मानजनक व्यापार हुन्छ । त्यही रक्सी किन्ने महिलाचाहिँ नैतिकताको प्रश्न बोकिन् । कहिलेकाहीँ म एक्लै मुस्कुराउँछु । समस्या रक्सीमा होइन । समस्या त्यो दृष्टिमा छ, जसले महिलाको निर्णयलाई स्वतन्त्र निर्णय मान्नै सक्दैन ।

यहाँ मलाई दार्शनिक जुडिथ बटलरको विचार पनि सम्झना आउँछ । उनका अनुसार समाजले 'असल महिला' हुनु भनेको के हो भन्ने एउटा निश्चित अभिनय तयार गर्छ । महिलाले त्यो अभिनय दोहोऱ्याइरहनुपर्छ भन्ने अपेक्षा गरिन्छ । नम्र हुनु, धेरै नबोल्नु, धेरै स्वतन्त्र नदेखिनु, आफ्ना चाहनालाई सीमित राख्नु, यी सबैलाई महिलाको स्वाभाविक गुणका रूपमा प्रस्तुत गरिन्छ ।

तर, कुनै महिला त्यो भूमिकाबाट बाहिर निस्किन खोज्छिन् भने समाज असहज हुन्छ । किनकि, उसले नियम तोडेकी होइन । उसले समाजले लेखिदिएको भूमिका निभाउन अस्वीकार गरेकी हुन्छ ।

त्यसैले एउटी महिलाको हातमा भएको एउटा सामान्य वाइनको गिलास पनि समाजका लागि पेय पदार्थभन्दा ठूलो कुरा बन्छ । त्यो गिलास स्वतन्त्र निर्णयको प्रतीक बन्छ । र, स्वतन्त्र महिलाभन्दा पितृसत्तालाई डर लाग्ने अर्को कुरा सायदै हुन्छ ।

यदि त्यही रेस्टुरेन्टमा कुनै विदेशी महिला वाइन पिइरहेकी छिन् भने मानिसहरू सहज हुन्छन् । उनीसँग हाँस्छन्, 'चियर्स' गर्छन्, उनको जीवनशैलीलाई आधुनिक भन्छन् । कसैले उनको संस्कारमाथि प्रश्न उठाउँदैन । बरु, त्यसलाई विश्वव्यापी जीवनशैलीको एउटा सामान्य अभ्यासका रूपमा स्वीकार गरिन्छ । तर, त्यही काम एउटी नेपाली महिलाले गरिन् भने वातावरण फेरिन्छ । उनलाई संस्कारको परीक्षामा उभ्याइन्छ । उनको चरित्रमाथि टिप्पणी गरिन्छ । र, कहिलेकाहीँ उनको सम्पूर्ण व्यक्तित्वलाई एउटा गिलासभित्र सीमित गरिदिइन्छ ।

मलाई सधैँ एउटा प्रश्नले पछ्याइरहन्छ, किन ?

यदि एउटै काम विदेशी महिलाले गर्दा आधुनिकता हो भने नेपाली महिलाले गर्दा अनैतिक कसरी हुन्छ ?

यदि एउटै व्यवहार पुरुषका लागि सामान्य हो भने महिलाका लागि असामान्य किन हुन्छ ?

सायद यसको उत्तर हाम्रो समाजको औपनिवेशिक मानसिकता र पितृसत्तात्मक संस्कारको मिश्रणमा लुकेको छ । हामी पश्चिमको खानपिन, फेसन, भाषा र जीवनशैलीलाई सहज रूपमा स्वीकार गर्न सक्छौं, तर आफ्नै महिलाले आफ्नो जीवनबारे स्वतन्त्र निर्णय लिएको दृश्यसँग अझै पनि असहज हुन्छौं ।

हामी विदेशी महिलाको स्वतन्त्रताको सम्मान गर्छौं । तर, आफ्नै दिदी, बहिनी, श्रीमती वा छोरीको स्वतन्त्रतासँग डराउँछौं । यो विरोधाभास संयोग होइन । यो सामाजिक संरचनाको परिणाम हो । हाम्रो समाजको वास्तविक समस्या रक्सी होइन । समस्या महिलाको स्वतन्त्रता हो ।

जब महिलाले आफ्नो निर्णय आफैँ गर्न थाल्छिन्, समाज असहज हुन्छ । किनकि, पितृसत्ताको सबैभन्दा ठूलो डर महिलाले रक्सी खानु होइन, महिलाले अनुमति माग्न छोड्नु हो ।

हामीले पितृसत्तालाई प्रायः पुरुषसँग मात्र जोडेर बुझ्ने गल्ती गर्छौं । तर, पितृसत्ता कुनै एक व्यक्तिको नाम होइन । यो एउटा संरचना हो । एउटा संस्कार हो । एउटा सोच्ने तरिका हो, जसले पुरुष र महिला दुवैलाई निश्चित भूमिकामा बाँध्छ ।

नेप्सेमा सामान्य सुधार, चार अर्ब ४० करोडभन्दा बढीको कारोबार

❐ **काँक्रेविहार संवाददाता**

काठमाडौं, २० साउन

धितोपत्र बजारमा सेयर कारोबार मापक नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक बुधवार सामान्य अङ्कले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक चार दशमलव ७९ अङ्कले बढेर दुई हजार ६६७ दशमलव ९७ बिन्दुमा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ६० अङ्कले बढेर ४६७ दशमलव ३६ बिन्दुमा पुगेको छ ।

यसैगरी, फ्लोट परिसूचक शून्य दशमलव ०३ अङ्कले घटेर १८३ दशमलव २ ९ बिन्दुमा झरेको छ भने सेन्सेटिभ फ्लोट परिसूचक शून्य दशमलव ३० अङ्कले घटेर १५८ दशमलव २६ बिन्दुमा सीमित भएको छ ।

बुधवार विभिन्न कम्पनीका एक करोड ६७ हजार ७३२ कित्ता शेयर रु चार अर्ब ४० करोड ९८ लाख ८६ हजार ४५७ मा खरिदबिक्री भएको छ ।

कारोबार भएका १३ उपसमूहमध्ये पाँच उपसमूहको परिसूचक बढेको छ भने आठ उपसमूहको परिसूचक घटेको छ । एक सय २२ कम्पनीको सेयर मूल्य बढेको, एक सय ४३ कम्पनीको घटेको तथा ११ कम्पनीको सेयर मूल्य स्थिर रहेको नेप्सेले जनाएको छ ।

सोलु हाइड्रोपावर लिमिटेड, शिखर पावर डेभलपमेन्ट लिमिटेड र रिडी पावर कम्पनी लिमिटेडका लगानीकर्ताले सर्वाधिक कमाएका छन् ।

त्यसैगरी, एभरेष्ट कलर लिमिटेड, कामना सेवा विकास बैंक डिबेञ्चर र मञ्जुश्री फाइनान्स लिमिटेड डिबेञ्चरका लगानीकर्ताले सर्वाधिक गुमाएका छन् ।

कर्णालीको...

सरकार भने कुन मन्त्रालय कसले पाउने भन्ने हिसाबमै अल्झिएको देखिन्छ ।"

एउटै राजनीतिक धारका दलहरूबीच समेत विश्वास र सहकार्यको अभाव देखिएको बताउँदै उनले प्रश्न गरिन्, "सरकार सञ्चालन गर्नेहरू आफ्नै बीचमा सहमति कायम गर्न सक्दैनन् भने प्रदेशको भविष्य कसरी सम्हाल्न सक्छन्?"

मन्त्रिपरिषद् विस्तारमा ढिलाइ हुनुको वास्तविक कारण के हो भन्दै शाहीले सरकारलाई प्रश्न गरिन् । "मन्त्रालय बाँडफाँटको विवादले कति दिनसम्म जनताको काम रोक्ने? जनताले भोगेको क्षतिको नैतिक र राजनीतिक जिम्मेवारी कसले लिन्छ?" उनले थपिन् ।

व्यवस्था परिवर्तनको उद्देश्य केवल शासनको स्वरूप बदल्ने मात्र नभई राजनीतिक संस्कार बदल्नु पनि भएको स्मरण गराउँदै उनले अनुहार र कुर्सी फेरिए पनि सत्ता सञ्चालन शैली नफेरिएको टिप्पणी गरिन् ।

कांग्रेस सांसद बेदराज सिंहले मुख्यमन्त्रीलाई बधाई दिए पनि सिंगो सरकारलाई बधाई दिन नपाएको बताए । प्रदेश सरकारहरूमाथि गम्भीर प्रश्न तेर्सिएको बेलामा सरकार निर्माण भएको एक हप्ता पूरा भइसक्दा पनि मुख्यमन्त्रीले मात्रै सरकार चलाइरहनु राम्रो नभएको सिंहको भनाइ छ ।

"म सभामुखमार्फत एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपाका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) लाई आग्रह गर्न चाहन्छु," उनले व्यंग्यात्मक शैलीमा भने, "तपाईंहरू दुई जनाले कर्णालीको मन्त्रीको कोटा छिटो मिलाइदिनुस् र मन्त्रीको नाम छिटो फाइनल गरेर यता पत्र पठाइदिनुस् ।" यो अन्योलले वर्तमान व्यवस्थामाथि उठेको प्रश्न अझै बलियो र पेचिलो बन्दै गएको सिंहले बताए ।

गत आर्थिक वर्षमा कर्णाली प्रदेश सरकारले १२ अर्बभन्दा बढी बजेट खर्च गर्न नसकेको स्मरण गराउँदै उनले आर्थिक वर्षको पहिलो महिनामै सरकार भागबन्डामै रुमल्लिए नतिजा झन् कमजोर आउन सक्ने चेतावनी दिए । "अहिले कार्यविधि बनाउने, वार्षिक समीक्षा गर्ने र प्रशासनिक निर्णय लिने समय हो तर मन्त्रीविहीन मन्त्रालय राखेर सुशासनको कुरा गर्न सुहाउँछ?" उनले प्रश्न गरे ।

काग्रेसकै अर्का सांसद पूर्णबहादुर खत्रीले केन्द्रका नेताहरूले एमाले र माओवादीको 'जबर्जस्ती बिहे गराइदिएको' टिप्पणी गरे । "बाबु-आमाले केटीलाई जबर्जस्ती बिहे गराइदिएजस्तै यहाँ पनि मायामोह एकातिर छ, बिहे जबर्जस्ती केन्द्रका नेताहरूले गराइदिनुभएको छ," उनले भने ।

नेताहरू भागबन्डामा रमाउनुभन्दा कर्णालीका विपन्न किसान र नागरिकको अवस्था सुधार्नतर्फ ध्यान दिनुपर्ने उनले बताए । "दस वटै जिल्लाको लगत लिऊँ, कति भारत गएका छन् ।

एक...

भागमा ४५ किलोमिटर सडक पर्छ । त्यस्तै सवारी साधनको आधारमा विश्लेषण गर्दा एक ट्राफिक प्रहरीले एक सय ९० वटा सवारी साधनको निगरानी गर्नुपर्छ ।

कर्णालीको १६ लाख ९४ हजार आठ सय ८९ कुल जनसंख्याको अनुपात हेर्दा एक जना ट्राफिक प्रहरीले सात हजार आठ सय ८३ जना नागरिकलाई सेवा दिनुपरेको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख प्रहरी उपरीक्षक (एसपी) मुकुन्दप्रसाद रिजालले जानकारी दिए ।

उनका अनुसार दैनिक औसतमा एक सय एक वटा नयाँ सवारी साधन दर्ता भइरहेका छन् ।

२१ वर्षपछि स्थानीयले पाए घर आँगनमै न्यायको पहुँच



❐ काँक्रेविहार संवाददाता
दैलेख, २० साउन

दुल्लू क्षेत्रका बासिन्दाले २१ वर्षको लामो प्रतीक्षापछि आफ्नै घरआँगनबाट न्यायिक सेवा पाउने भएका छन् । प्रहरी प्रधान कार्यालयको २०८३/३/१८ को निर्णयअनुसार आर्थिक वर्ष २०८३ साउन एक गतेदेखि इलाका प्रहरी कार्यालय दुल्लूलाई मुद्दा चलाउने अधिकार प्रदान गरिएको हो ।

मुद्दा चलाउने अख्तियारी पाएसँगै स्थानीयवासीमा खुसी छाएको छ । यसअघि सामान्य झैं-झगडा मिलापत्रबाहेक अन्य आपराधिक घटनाको प्रक्रिया अघि बढाउन स्थानीयले जिल्ला सदरमुकाम पुग्नुपर्ने बाध्यता थियो । अब भने धेरैजसो मुद्दाको प्रारम्भिक प्रक्रिया दुल्लूमै हुने भएको छ ।

२०४२ सालमा प्रहरी चौकीका रूपमा स्थापना भएको दुल्लूमा २०६२ सालदेखि प्रहरी निरीक्षकको दरबन्दी कायम थियो । तर आवश्यक मापदण्ड पूरा नभएका कारण लामो समयसम्म मुद्दा चलाउने अधिकार प्राप्त हुन सकेको थिएन ।

इलाका प्रहरी कार्यालय दुल्लूका प्रमुख प्रहरी निरीक्षक सरोज कडेलले प्राप्त अधिकारलाई सदुपयोग गर्दै नागरिकलाई छिटो, निष्पक्ष र प्रभावकारी सेवा दिने बताए । उनका अनुसार अभद्र व्यवहार, बालविवाह, झैं-झगडा लगायतका मुद्दालाई प्राथमिकतामा राखेर काम गरिनेछ ।

दैलेख क्षेत्र नं. दुई अन्तर्गत पर्ने दुल्लू भौगोलिक रूपमा ठूलो क्षेत्र हो । यसअघि यहाँका नागरिकले आपराधिक घटनाका लागि समय र खर्च व्यहोरेर सदरमुकाम धाउनुपर्ने अवस्था थियो। “न्याय अब घरमै आएको महसुस भएको छ,” स्थानीय प्रकाश शाहीले बताए ।

दुल्लू नगरपालिका सातका रामबहादुर शाहले प्रहरी कार्यालय भवन निर्माणका लागि २०६७ सालमा जग्गा दान गरेका थिए । सोही जग्गामा २०७१ सालमा पक्की भवन निर्माण भएको थियो ।

अख्तियारी पाएपछि स्थानीयवासीसँगै प्रहरी कर्मचारी पनि उत्साहित भएका छन् ।

यद्यपि कार्यालयमा थप जग्गा अभाव र साँघुरो सडकका कारण केही समस्या अझै कायम छन् । लामो पर्खाइपछि प्राप्त यो अधिकारले दुल्लूवासीलाई न्यायका लागि सहज पहुँच प्रदान गर्ने अपेक्षा गरिएको छ ।

पहिरोले घर जोखिममा, जनजीवन प्रभावित

❐ काँक्रेविहार संवाददाता
जाजरकोट, २० साउन



जिल्ला सदरमुकाम खलङ्गास्थित भेरी नगरपालिका तिन र चारमा पहिरो खसेपछि बस्तीमा जोखिम बढेको छ । अविरल वर्षाका कारण सोमबार राति सदरमुकाम खलङ्गाका रामजानकी टोल, ठाँटीबजार क्षेत्रमा खसेको पहिरोले एक दर्जन घर जोखिममा परेका छन् ।

भेरी नगरपालिका चार रामजानकी टोल, वडा नं. तिन स्थित ठाँटीबजार, सिमल गैरीलगायतका बस्तीमा पहिरो गएको छ । मङ्गलबार बिहानदेखि खसेको पहिरोले घरपछाडिको भाग पुरिएपछि सर्वसाधारणले घर छाडेर अन्यत्रै बस्न थालेका छन् ।

भेरी नगरपालिकाको एक्साभेटरले केही भागको लेदो पन्छाए पनि घरपछाडिको पहिरो पन्छाउन समस्या भएको छ । सोही वडाका रत्नराज हमालको घरको दायाँबायाँ भागमा पनि जमिन भासिएपछि पक्की घर जोखिममा परेको छ ।

घर बचाउन स्थानीयको सहयोगमा घरमुनिको त्रिपाल लगाइएको भए पनि अविरल वर्षाका कारण थप क्षति हुन सक्ने स्थानीयले बताएका छन् । भेरी नगरपालिका चारका बालकृष्ण खनालले सरोकारवाला निकायको बेवास्ता, सर्वसाधारणको लापर्वाहीले जोखिम बढेको बताए ।

उनका अनुसार घर घरमा सडक पुऱ्याउने उद्देश्यले जथाभाबी खनिएका सडकका कारण भलपानी बग्न नपाउँदा पहिरोको जोखिम बढ्दै गएको छ ।

भेरी नगरपालिका चार शान्ति चौतारादेखि थाप्लेचौर जाजरकोट अस्पताल, भेरी नगरपालिकाको प्रशासनिक केन्द्र हुँदै भेरी नगरपालिका कालेगाउँसम्मको सडक मर्मत नगरेका कारण पहिरोको जोखिम छ ।

केही वर्षअघि नालीबिना कालोपत्रे गरेको करिब छ किलोमिटर सडक बर्खायामको भलपानी, घर तथा होटेलबाट बगेको फोहोर पानीले भेरी नगरपालिका तिन ठाँटीबजारमा पनि जोखिम बढेको छ ।

शान्ति चौतारा-थाप्लेचौर हुँदै कालगाउँ-भेरी कोरिडोर सडकखण्डमा जोडिएको सडक स्थानीय सरकारले मर्मत नगरी बेवास्ता गर्दा सवारीसाधनलगायत सर्वसाधारणले आउजाउमा सास्ती पाउने गरेका छन् । यस्तै पहिरोले नलगाड नगरपालिका चार लहँस्थित विभिन्न गाउँबस्तीका करिब एक दर्जनभन्दा बढी सर्वसाधारणका घर, घट्ट, विद्यालयको पर्खाल, मकैबालीमासमेत क्षति पुगेको छ ।

सरकारका कामकारबाहीमाथि कांग्रेसले गऱ्यो १० प्रश्न



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २० साउन

नेपाली कांग्रेसले वर्तमान सरकारका गतिविधिहरूले लोकतन्त्र, सुशासन र कुटनीतिक मर्यादाको उपहास गरेको आरोप लगाएको छ। पार्टी प्रवक्ता देवराज चालिसेले बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गर्दै सरकारका कामकारबाहीमाथि गम्भीर १० प्रश्न उठाउँदै सरकारको नियतमाथि शंका व्यक्त गरे ।

यस्ता छन् प्रवक्ता चालिसेले सरकारमाथि उठाएका मुख्य १० प्रश्न–

१. राज्य शक्तिको प्रयोग गरेर प्रेस स्वतन्त्रतालाई कुल्चने प्रयास किन गरिँदैछ ? के सरकार प्रश्न सोध्नेहरूको मुख थुन्न चाहन्छ ?
२. विपक्षी दलको सभापतिको घर अगाडि गृह मन्त्रालयको सहयोगमा गाडीहरू तेर्स्याएर अवरोध सिर्जना गर्नु कुन खालको लोकतान्त्रिक आचरण हो ?
३. सरकार ‘छाडा साँढे’ हो र ? के संविधानको सीमा र कानुनको सर्वोच्चता सरकार बाहिरका लागि मात्रै हो ? के सरकार कानुनभन्दा माथि रहने ‘छाडा साँढे’ बन्न खोजेको हो ?
४. राहदानी (पासपोर्ट) खरिद प्रकरणमा पारदर्शीता किन देखिएन ? भ्रष्टाचारका प्रमाणहरू बाहिरिँदा पनि सरकार किन मौन छ ?
५. सुशासनको कुरा गर्ने सरकारले सार्वजनिक पदमा बसेका सबै व्यक्तिको सम्पत्ति निष्पक्ष छानबिन गर्ने आँट किन गर्दैन ?
६. अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्ता संवैधानिक निकायलाई राजनीतिक दबाबमा राखेर भ्रष्टाचार लुकाउने प्रयास किन भइरहेको छ ?
७. विकल्प नदिई विदेशस्थित राजदूतहरूलाई फिर्ता बोलाउने तर लामो समयसम्म नियुक्ति गर्न नसक्नु सरकारको कुटनीतिक असक्षमता होइन र ?
८. गृहमन्त्री जोडिएको प्रकरणमा हतार-हतार छानबिन समिति बनाउने तर प्रतिवेदन सार्वजनिक नगर्दै पुनः नियुक्ति दिएर कसलाई जोगाउन खोजिएको हो ?
९. सरकारका मन्त्रीहरूले व्यवसायीलाई धम्की दिने र कानुन हातमा लिएर आतंक मच्चाउने कार्य किन गरिरहेका छन् ? व्यवसायीको ‘हात भाच्ने’ भाषा कति उपयुक्त हो ?
१०. सुनसरी र मधेसमा भएका साम्प्रदायिक र सामाजिक तनावका घटनामा सरकारले बनाउने ’देखावटी’ समितिको सट्टा उच्चस्तरीय न्यायिक आयोग गठन गर्न सरकारलाई के को डर लागिरहेको छ ?

प्रवक्ता चालिसेले यी प्रश्नहरूको उत्तर सरकारले व्यवहारबाट दिनुपर्ने बताए । कांग्रेसले पत्रकार सम्मेलनमार्फत सरकारका नियुक्तिहरूमा देखिएको ‘राजनीतिक छाया’ र कुटनीतिक अपरिपक्वताले मुलुकलाई संकटतर्फ धकेल्ने चेतावनी समेत दिएको छ ।

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेस्तडा, दैलेख, कर्णाली प्रदेश, नेपाल

आ.व. २०८३/०८४ मा हुने खरिद प्रक्रियामा सहभागी हुन सूचीकृत हुने सम्बन्धमा ।

(मितिः २०८३/०४/२१)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ अनुसार यस गाउँपालिकाबाट सोही ऐन, नियममा तोकिए बमोजिम हुने खरिद सम्बन्धी कार्यक्रमको लागि सम्बन्धित कार्यालयले त्यस्तो खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्था वा सेवा प्रदायकको छुट्टाछुट्टै सूची तयार गर्नुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट आ.व. २०८३/०८४ मा मौजुदा सूचीमा दर्ता हुन इच्छुक योग्य फर्म, संघ/संस्था वा व्यक्तिलाई सूचीकृत हुन चाहेको समूह समेत स्पष्ट रुपमा खोली यस कार्यालयले तोकिएको ढाँचामा आवेदन गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः
- फर्म दर्ता र नवीकरण प्रमाण पत्रको प्रतिलिपी
- भ्याटमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपी
- स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपी
- सूचीकृत दस्तुर रु. ५००/- तिरेको रसिद/भौचर
- व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी
- अघिल्लो आ.व. को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी
- व्यक्तिको हकमा लिखित स्व-घोषणा पत्र

विवरण

मालसामान खरिद तथा आपूर्ति तर्फ
- मसलन्द तथा कार्यालय सामान
- मेसिनरी सामाग्रीहरु (कम्प्युटर, ल्यापटप, प्रिन्टर, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स)
- नेटवर्किङका सामानहरु
- छपाई सम्बन्धीका सामानहरु
- फर्निचर तथा फिक्चर्स सामानहरु
- पिउने पानी
- फर्निचर तथा फिक्चर्स सामानहरु
- सवारी साधनका पार्टपूर्जाहरु
- पत्र पत्रिका तथा पुस्तकहरु
- सेनिटर तथा हार्डवेयरका सामानहरु
- संचार साधनका सामानहरु
- औषधीजन्य तथा सर्जिकल सामग्रीहरु
- कार्यालयलाई आवश्यक पर्ने अन्य सामानहरु,

मर्मत तर्फ
- फर्निचरहरु
- सवारी साधन मर्मत (२ र ४ पाङ्ग्रे)
- मेसिनरी उपकरणहरु (कम्प्युटर, ल्यापटप, प्रिन्टर, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स)
- भवन तथा भौतिक संरचना, रङ रोगन आदी,
- संचार उपकरणहरु

सेवा तर्फ
- कम्प्युटर नेटवर्क, इन्टरनेट सेवा सम्बन्धी कार्य, सफ्टवेयर, हार्डवेयर

निर्माण कार्य तर्फ
- सडक भवन लगायतका पूर्वाधार निर्माण कार्य
- संचार साधनका सामानहरु
- पूर्वाधारहरुको मर्मत सम्भार कार्य

टोप बहादुर बुढा
नि. प्रमुख प्रशासकीय अधिकृत

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

तथ्यांक नियमावली–२०८३ स्वीकृत,

विद्यार्थीलाई तथ्याङ्क उपलब्ध गराउने शुल्क घटाइयो



❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १९ साउन

सरकारले तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३ स्वीकृत गरेको छ। बुधबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो।

सरकारका अनुसार संशोधनमार्फत तथ्याङ्क नियमावली, २०८० का पाँच वटा नियम तथा अनुसूचीमा हेरफेर र थपघट गरिएको छ। नियमावलीको नामसमेत संशोधन गरी ‘तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८३’ कायम गरिएको छ।

संशोधनसँगै सूक्ष्म कोरा तथ्याङ्क तथा गणना क्षेत्र नक्सा उपलब्ध गराउँदा लाग्ने शुल्क पनि घटाइएको छ। अब गणनासम्बन्धी तथ्याङ्क नेपालस्थित विद्यालय, कलेज र विश्वविद्यालयका विद्यार्थीलाई उपलब्ध गराउँदा लाग्ने शुल्क चार हजार रुपैयाँबाट घटाएर दुई हजार रुपैयाँ कायम गरिएको छ।

त्यस्तै, सर्वेक्षणसम्बन्धी तथ्याङ्कका लागि विद्यार्थीले तिर्नुपर्ने शुल्क दुई हजार ५०० रुपैयाँबाट घटाएर एक हजार २०० रुपैयाँ निर्धारण गरिएको छ।

संशोधित नियमावलीमा ‘गणना क्षेत्र नक्सा’ शीर्षकसमेत थप गरिएको छ। यसअन्तर्गत संस्थाका लागि २०० रुपैयाँ र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका लागि ३०० रुपैयाँ शुल्क तोकिएको छ।

यस्तै, मूल नियमावलीको नियम १७ मा संशोधन गर्दै तथ्याङ्क सङ्कलनका लागि जनशक्ति परिचालन गर्नुअघि कार्यालयले जारी गरेको तालिम सञ्चालनसम्बन्धी निर्देशनअनुसार सैद्धान्तिक र व्यावहारिक दुवै पक्ष समेटिने गरी अनिवार्य तालिम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

जलाधार संरक्षणलाई प्राथमिकता

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २० साउन



कर्णाली प्रदेश सरकारले पानीका स्रोत संरक्षण र वातावरणीय सन्तुलन कायम गर्न जलाधार संरक्षण कार्यक्रमलाई प्राथमिकतामा राखेको छ। जल संरक्षणसम्बन्धी प्रदेश सरकारको नीतिअनुसार प्रदेशका विभिन्न जिल्लामा सम्भावित क्षेत्र पहिचान गरी जलाधार व्यवस्थापनका योजना अघि बढाइएको हो।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका अनुसार चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर जलाधार संरक्षण कार्यक्रम सञ्चालन गर्न लागिएको हो।

यस वर्ष सम्भावित क्षेत्रको पहिचान गरी गुरुयोजना निर्माण गर्ने कामलाई प्राथमिकता दिइएको मन्त्रालयका सूचना अधिकारी महेश नेपालीले जानकारी दिए। उनका अनुसार जलाधार संरक्षणसम्बन्धी गुरुयोजना निर्माणको प्रक्रिया अहिले जारी छ।

कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्षमा २७ करोड १५ लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ। एकीकृत जलाधार व्यवस्थापन पद्धतिमार्फत तल्लो र माथिल्लो तटीय क्षेत्रबीचको सम्बन्ध कायम गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिने भएको छ। भू-क्षय नियन्त्रण, जमिनको उत्पादकत्व वृद्धि, पानीका स्रोतको दिगो व्यवस्थापन, प्राकृतिक पुनर्भरण पोखरी निर्माण, जैविक विविधता संरक्षण तथा वातावरणीय प्रणालीको सुधारलाई योजनामा समेटिएको छ।

पछिल्लो समय तीव्र रूपमा भइरहेका सडक तथा अन्य भौतिक पूर्वाधार निर्माणका कारण पानीका मुहान सुक्ने, भू-क्षय बढ्ने र वातावरणमा असर पर्ने समस्या देखिन थालेपछि सरकारले जलाधार व्यवस्थापनलाई प्राथमिकता दिएको हो। यसैक्रममा वीरेन्द्रनगर उपत्यकाको उत्तरी जलाधार क्षेत्र संरक्षणका लागि गुरुयोजना तयार गरिएको छ।

भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतले वीरेन्द्रनगरका वडा नं. एक, चार, पाँच, सात र १२ को माथिल्लो क्षेत्र समेटेर गुरुयोजना निर्माण गरेको हो। वीरेन्द्रनगरमा पानी आपूर्तिका मुख्य स्रोत मानिएका नेवारे खोला, खोर्के खोला, झुप्रा खोला, खरी खोला, बोरी खोला, इत्राम खोला, आँपडाँडी खोला र सोलीघोप्टेलगायतका मुहान क्षेत्रको संरक्षणका लागि एकीकृत योजना बनाइएको छ।

गुरुयोजनाले पानीका स्रोत संरक्षण, बाढी तथा पहिरो जोखिम न्यूनीकरण र तल्लो क्षेत्रमा पानीको उपलब्धता सुनिश्चित गर्ने लक्ष्य राखेको छ। आर्थिक वर्ष २०८२/०८३ देखि गुरुयोजनाले पहिचान गरेका क्षेत्रमा कार्यक्रम कार्यान्वयन सुरु गरिने भएको छ। वन क्षेत्र संरक्षण, खाली तथा सार्वजनिक जमिनमा वृक्षारोपण, पानी पुनर्भरण संरचना निर्माण र भू-संरक्षणका कार्यक्रम सञ्चालन गरिने छन्।

भू तथा जलाधार व्यवस्थापन कार्यालय सुर्खेतका प्रमुख शेखर चपाईका अनुसार गुरुयोजना अनुसार सुर्खेतसहित कर्णालीका अन्य जिल्लामा पनि जलाधार संरक्षणका काम विस्तार गरिनेछ।

पाँच रोपनी क्षेत्रफलमा उम्रिएको गाँजा फँडानी

❐ **काँक्रेविहार संवाददाता**
डोल्पा, २० साउन

प्रहरीले लागूऔषध नियन्त्रण अभियानलाई प्रभावकारी बनाउने उद्देश्यले जिल्लाका विभिन्न सार्वजनिक स्थानमा प्राकृतिक रूपमा उम्रिएका गाँजाका बोट फँडानी गरी नष्ट गरेको छ। लागूऔषध उत्पादन तथा दुरुपयोगको जोखिम न्यूनीकरण गर्न अभियान सञ्चालन गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय डोल्पाका अनुसार साउन १९ गते इलाका प्रहरी कार्यालय काईगाउँ, करवगार्ड, छार्का तथा अस्थायी प्रहरी पोस्ट हुरीकोटबाट खटिएको संयुक्त प्रहरी टोलीले जिल्लाका विभिन्न स्थानमा पुगेर गाँजा फँडानी अभियान सञ्चालन गरेको हो। अभियानका क्रममा सार्वजनिक जग्गामा प्राकृतिक रूपमा फैलिएका करिब पाँच रोपनी क्षेत्रफलका गाँजाका बोट फँडानी गरी नष्ट गरिएको जानकारी प्रहरीले दिएको छ। प्रहरीका अनुसार जगदुल्ला गाउँपालिका



एक हुरीकोटका सार्वजनिक क्षेत्रमा करिब एक रोपनी, त्रिपुरासुन्दरी नगरपालिका पाँच खदाडमा करिब दुई रोपनी तथा काइके गाउँपालिका पाँच खानी आसपासका सार्वजनिक स्थानमा करिब दुई रोपनी क्षेत्रफलमा उम्रिएका गाँजाका बोट हटाइएको छ। फँडानी गरिएका सबै बोट तत्काल नष्ट गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालयले प्राकृतिक रूपमा उम्रिने गाँजाका बोटले लागूऔषध उत्पादन, ओसारपसार तथा दुरुपयोगको सम्भावना बढाउने भएकाले समयमै नियन्त्रण आवश्यक रहेको उल्लेख गरेको छ। सोही उद्देश्य अनुसार जिल्लाभर नियमित रूपमा अनुगमन तथा फँडानी अभियान सञ्चालन गरिँदै आएको प्रहरीले जनाएको छ। प्रहरीले अवैध गाँजा तथा अन्य लागूऔषधजन्य गतिविधि नियन्त्रणसँगै समुदायस्तरमा सचेतना अभिवृद्धि गर्ने कार्यक्रमलाई पनि निरन्तरता दिइने जनाएको छ।

स्थानीयवासीलाई लागूऔषधको दुष्प्रभावबारे जानकारी गराउँदै यस्ता अवैध बोटबिरुवा देखिएमा सम्बन्धित प्रहरी कार्यालयमा तत्काल सूचना दिन आग्रह गरिएको छ। डोल्पा प्रहरीले आगामी दिनमा पनि जिल्लाभर लागूऔषध उत्पादन, ओसार पसार र दुरुपयोग नियन्त्रणलाई प्राथमिकतामा राखेर यस्ता अभियानलाई अझ प्रभावकारी बनाइने जनाएको छ। स्थानीय तह, सरोकारवाला निकाय तथा समुदायसँगको सहकार्यलाई थप सुदृढ गर्दै अवैध गाँजा फँडानी र लागूऔषध नियन्त्रणका कार्यक्रमलाई निरन्तर अघि बढाइने प्रतिबद्धता प्रहरीले व्यक्त गरेको छ।

उद्योग खारेजीको सूचना

सूचना प्रकाशित मिति : २०८३/०४/२१

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री वीरेन्द्र कुमार शाही र अमृता चपाई** धनी रहेको, **दर्ता नम्बर** १००२३/०७९/०८० बाट **वीरेन्द्रनगर–८ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **सफल मल्टिपल एकेडेमी इन्स्टिच्युट** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

सम्पूर्ण छपाईका काम
एकै ठाउँमा

GLOBAL OFFSET PRESS

लेबल स्टिकर, ब्रोसर पम्पलेट, क्यालेडर, पोस्टर

सरकारी फारम, भौचर, चलानी, बिलबुक

पुस्तक, नोटबुक, डायरी, रसीद, क्यागोजिन, पत्रिका

आईडी कार्ड, बिजिटिङ कार्ड, निमन्त्रणा पत्र, फ्लेक्स, ब्यानर

offsetpressg@gmail.com
वीरेन्द्रनगर–३ सुर्खेत
९८५८०५४८११, ९८५८०५५६२६

गुणस्तर हाम्रो प्रतिबद्धता, सन्तुष्टि हाम्रो लक्ष्य।

समयमै गुणस्तरीय सेवा | उच्च गुणस्तरको छपाई | अनुभवी टोली | ग्राहक सन्तुष्टि हाम्रो प्राथमिकता

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)